# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल


प.स. ०७७/७८

च.नं.

मिति: २०७७/०९/१८

## प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी ७ दिने सार्बजनिक सूचना !

लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, छत्रकोट गाँउपालिकाका विभिन्न खोलाको बगर क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य कार्यान्वयन गर्न लागेकोमा सो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणली, यिनका अवयवहरुको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने सरोकारवाला व्यक्ति तथा संघसंस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम बमोजिम सूचना प्रकाशित गरिएकोले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी रायसुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

| **प्रस्तावकको नाम र ठेगाना :** छत्रकोट गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, चोयगा, गुल्मी | | |
|---|---|---|
| **प्रस्तावको व्यहोरा** | | **प्रभाव पर्न सक्ने वडा** |
| १. | बडिगाड खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन पूर्व प्रारम्भिक वातावरणीय परिक्षण | १ |
| २. | रिडी खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन पूर्व प्रारम्भिक वातावरणीय परिक्षण | ४ |
| **राय सुझाव पठाउने ठेगाना**<br>छत्रकोट गाँउपालिका<br>गाँउ कार्यपालिकाको कार्यालय<br>चोयगा, गुल्मी, लुम्बिनी प्रदेश<br>फोन :९८५७०६७९०८<br>इमेल : chhatrakot90@gmail.com, info@chhatrakotmun.gov.np | | |

**दामोदर भण्डारी**

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत